**बैठक संख्याः ५१/०८१-८२, मिति २०८१/०५/२४ गतेको कार्यपालिका बैठकका निर्णयहरुः**

१. अघिल्लो बैठकमा भएका निर्णयहरु माथी समिक्षा गरियो ।साथै कार्यान्वयन नभएका निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्न कार्यापालिकाको कार्यालयलाई निर्देशन दिने ।

२. यस नगरपालिकाको स्वीकृत दरबन्दी तेरिज तथा संगठनात्मक संरचाना बैठकमा छलफल गरियो । कार्यरत करार तथा ज्यालादारी कर्मचारीहरुलाई योग्यता र क्षमताका आधारमा स्वीकृत दरबन्दी तेरिज अनुसार मिल्दो पदमा समायोजन गरि करार सम्झौता गर्न कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

३. यस नगरपालिकाको आर्थिक वर्ष २०८१।०८२ को प्राकृतिक श्रोत ढुङ्गा, बालुवा र गिट्टीको ठेक्का हाल प्रारम्भिक वातावरणीय परिक्षण प्रकृया अघि बढेकोमा ठेक्का टेण्डर नहुँदा सम्म अत्यावश्यक कामकाजको लागि तोकिएको स्थानबाट मेशिनरी सामाग्री प्रयोग गर्न नपाउने गरी मिति २०८१/०६/०१ गते देखि लागू हुने गरी सम्बन्धित वडा कार्यालयले अमानतमा उक्त बालुवा गिट्टी उठाउन निर्देशन दिने ।

४. यस नगरपालिकाका विभिन्न शाखाहरुको आर्थिक वर्ष २०८१/०८२ स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयनको लागि कार्यसम्पादन सम्झौता गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने ।

५. यस नगरपालिकाको देहायको नगर स्तरीय योजनाको इ-टेण्डर गर्न कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

क. वडा कार्यालय भवन निर्माण तथा मर्मत कार्य वडा नं. २,४ र १३

६. कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालय, राष्ट्रिय व्यवसायिक योग्यता प्रणाली कार्यान्वयन कार्यविधि २०७९ को दफा १६ को उपदफा (१) बमोजिम स्थानीय तह प्राविधिक तथा व्यवसायिक शिक्षा तथा तालिम समिति (Local level TVET Coordination Committed) देहाय अनुसार गठन गर्ने ।

क. संयोजक - उपप्रमुख
ख. सदस्य - प्रमुख प्रशासकीय अधिकृत
ग. सदस्य- सामाजिक विकास समिति संयोजक
घ. सदस्य - रोजगार संयोजक
ङ. सदस्य - उद्यम विकास सहजकर्ता
च. सदस्य - चन्द्रकला गुरुङ - पवित्र जनकल्याण कृषक सहकारी
छ. सदस्य सचिव- शिक्षा शाखा प्रमुख

७. यस नगरपालिका अन्तर्गत सबै वस्तीहरुमा मानविय सहायताका लागि पहिचान भएका खुल्ला क्षेत्रहरु सम्मिलित दस्तावेज स्वीकृत गर्ने । उक्त पहिचान भएका मानविय खुल्ला क्षेत्रहरुमा कुनै पनि भौतिक संरचना निर्माण नगर्ने र उक्त स्थानकोहरुको संरक्षण र प्रर्वद्धन गर्ने ।

८. विविध

क. यस नगरपालिका वडा नं. ९ बस्ने कमल चुनाराको छोरा वर्ष ९ को अनमोल चुनाराको मिति २०८१/०२/१२ गते सर्पको टोकाईबाट मृत्यू भएकोले आर्थिक सहायकता पाउँ भनि माग भएकोमा रु. २०,०००।- आर्थिक सहायता रकम उपलब्ध गराउने ।

ख. भाद्र १२ र २० को अवसरमा छेलो प्रतियोगिता खर्च रकमको लागि माग भइ आएकोमा रु. ५०,०००।- र गुर्भाकोट सितोरियो कराते डोजो गुर्भाकोट ७ श्रीवानीले भारतको पंचाबमा सहभागित भई प्रथम स्थान हासिल भएकोले उक्त खेलाडी प्रोत्सहान स्वरुप रु. २०,०००।-रकम खेलकुद प्रर्वद्धन शिर्षकबाट उपलब्ध गराउने ।

ग. गुर्भाकोट नगरपालिका इसाई एकता समाजले कर्णाली प्रदेश स्तरीय सम्मलेनमा सहभागि हुनको लागि आवश्यक सहयोगको लागि माग गरेकोमा यातायात खर्च वापत रु. ५०,०००।- र परम्परागत चलि आएको लाखे नाँच सामाग्री खरिदको लागि आवश्यक रकम माग भएकोमा रु. ३०,०००।- भैपरी आउने पूजिगत शिर्षकबाट उपलब्ध गराउने ।

घ. अनाथ असहाय तथा जोखिममा परेका बालबालिकाहरुको आवशीय छात्राबास निर्देशक समितिको मिति २०८१/०५/२३ गतेको छात्रावास व्यवस्थापन सम्बन्धी खर्च प्रस्ताव स्वीकृत प्रदान गर्ने ।

ङ. उद्यम विकास समितिको मिति २०८१।०५।१३ गतेको गरिवी निवारणका लागि उद्यम विकास कार्यक्रम वजेट बाँडफाँड सम्बन्धी प्रस्ताव स्वीकृत प्रदान गर्ने ।